म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७९ शनिबार, २६ माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 8 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चेपाङ संघ मनहरीको अध्यक्षमा शेरमान

हेटौंडा, २५ माघ/नेपाल चेपाङ संघ मनहरी गाउँ कार्यकारिणी समितिको अध्यक्षमा शेरमान चेपाङ सर्वसम्मत चयन भएका छून । शुक्रबार भएको छैठौं अधिवेशनबाट चेपाङको नेतृत्वमा १५ सदस्यीय गाउँ कार्यकारिणी समिति गठन गरिएको हो । समितिको उपाध्यक्षमा वीरबहादुर चेपाङ, सचिवमा रामकृष्ण चेपाङ, सहसचिव सोहित चेपाङ र कोषाध्यक्षमा दिल माया चेपाङ चयन भएका छन् । नेपाल चेपाङ संघ बागमती प्रदेश अध्यक्ष खुशीलाल चेपाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा चेपाङ नेता कृष्णबहादुर चेपाङ, नेपाल चेपाङ संघ जिल्ला समन्वय समिति सदस्य अभिराना चेपाङ लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा मनहरी गाउँपालिकाको ९ वडाका प्रतिनिधिहरुको उपस्थिति थियो । मनहरीमा अति सिमान्तकृत चेपाङ समुदायको बाक्लो बसोबास रहेको छ ।

# बागमतीको बेवारिसे शितभण्डार सञ्चालनमा ल्याउन लेखा समितिको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेश सरकारले २०७५/७६ सालमै सुरु गरेको शितभण्डार निर्माण योजना ६ वर्ष लागिसक्दा पनि पूरा नभएको भन्दै सार्वजनिक लेखा समितिले चासो देखाएको छ ।



आलुलगायतका मौसमी, बेमौसमी तरकारी भण्डारण गर्न निर्माण गरिएको शीतभण्डारको योजना कतै निर्माण सकिएर पनि बन्दै त कतै निर्माण नै अधुरो अवस्थामा छन् । निर्माण भएका शितभण्डारको तत्काल सञ्चालनका लागि सरकारलाई बागमती प्रदेश सभाको सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ । शुक्रबार बसेको समितिको बैठकले प्रदेश सरकारकोएक अर्ब बढीको लगानीमा निर्माण सम्पन्न शीतभण्डारहरु यहि चैत महिनाभित्र सञ्चालनमा ल्याउन निर्देशन दिएको हो ।

समितिले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई तत्काल सरोकारवाला निकायसँग सम्झौता गरी शीतभण्डारहरु सञ्चालनमा ल्याउन निर्देशन दिएको समिति सभापति श्रीराम लामिछानेले जानकारी दिए । लामिछानेका अनुसार बैठकले शीतभण्डारको सम्पूर्ण विवरण उपलब्ध गराउन मन्त्रालयलाई निर्देशनसमेत दिएको बताए । समितिले शितभण्डार सञ्चालनका लागि दिएको निर्देशन यो पहिलो पटक भने होइन् । यसअघि पनि समितिले मन्त्रालयलाई निर्देशन दिइसकेको छ ।

मन्त्रालयले कानुनी जटिलतालगायतका विभिन्न कारण देखाउँदै शितभण्डार सञ्चालनमा समस्या भइरहेको जनाएको छ । शीतभण्डार निर्माण सुरु गरेयता मात्रै बागमतीमा ५ पटक सरकार फेरबदल भइसकेको छ । तर, शीतभण्डार निर्माण योजनाले पूर्णता पाउन सकेको छैन । निर्माण सकिएका शीतभण्डार पनि बेवारिसे बनेका छन् । शीतभण्डार मौसमी तरकारी र फलफूललाई सुरक्षित रुपमा भण्डारण गरी किसानले बजारमा माग बढेको समयमा बिक्री गर्नका लागि सहजता ल्याउन यो योजना कार्यान्वयनमा लगिएको थियो ।

प्रदेश सरकारले स्थानीय तह, स्थानीय सहकारी र निजीक्षेत्रको साझेदारीमा प्रदेशका विभिन्न जिल्लामा एक अर्ब ६ करोडका १० शीतभण्डार ६ वर्षदेखि निर्माण सुरु गरेको थियो । तीमध्ये ६ वटा शीतभण्डार निर्माण भएर बन्द अवस्थामा र ४ वटा निर्माण पूरा हुने चरणमा छन् । जग्गा उपलब्ध नहुँदा २ वटा शीतभण्डारको निर्माण अझै सुरु हुन सकेको छैन । प्रदेश सरकारले दोलखा, काभ्रे, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ, चितवन, सिन्धुली र रामेछापमा शीत भण्डार निर्माण गरेको हो ।

नुवाकोटमा २, दोलखामा २ र अन्य जिल्लामा एक/एक वटा शीतभण्डार निर्माणको ६ वर्ष अघिबाटै भएको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । पहिलो चरणमा सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको जिरी, नुवाकोटको रामेछापको मन्थली, सिन्धुलीको सुनकोशी, रसुवाको कालिकामा शीतभण्डार बनाउने काम थालिएको थियो । दोस्रोचरणमा चितवनको खैरहनी र धादिङको बेनीघाटमा र तेस्रो चरणमा नुवाकोटको विदुर र बेलकोटगढीमा शीतभण्डार निर्माण अघि बढेको थियो ।

मकवानपुरको थाहा नगरपालिकामा भने स्थानीय तहले नै निर्माण र सञ्चालनको सम्पूर्ण जिम्मा लिएको थियो । सोही अनुसार थाहा नगरपालिकालाई प्रदेश सरकारले अनुदान उपलब्ध गराएको थियो । दोलखाको भीमेश्वर र काभ्रेको बनेपामा भने जग्गा छनोटको काममा समस्या भएपछि निर्माणकार्य अघि बढ्न सकेन । पहिलो र दोस्रोचरणमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि इजी इन्फ्रा प्रालिसँग र तेस्रो चरणमा निर्माण हुने शीतभण्डारका लागि रसुवा कन्ट्रक्सनसँग सम्झौता गरेको थियो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले यसअघि सञ्चारमाध्यमहरुलाई प्रतिक्रिया दिँदै विगतको सरकारले शीतभण्डार योजना कार्यान्वयन चरणमा साझेदार संस्था छनोटमा गल्ती गर्दा समस्या भएको बताएका थिए । साझेदारी अनुसारको रकम बेहोर्न नसक्ने संस्थालाई समेटेकाले हाल व्यवस्थापनमा समस्या भएको उनको भनाई थियो । कृषिमन्त्री प्रकाश श्रेष्ठले केही समस्या र विवादकाबीच शीतभण्डार सञ्चालनमा ल्याउन पहल गरिरहेको बताएका थिए ।

कृषि मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले शीतभण्डार सञ्चालनमा ल्याउन कठिन रहेको बताउँदै आएका छन् । एकै प्रकृतिको काम प्रदेश सरकारले फरक-फरक रणनीतिमा सञ्चालन गरेकाले व्यवस्थापकीय जटिलता देखिएको उनको भनाइ छ । शितभण्डार निर्माणमा लाग्ने खर्च प्रदेश र स्थानीय तह/सहकारीको साझेदारीमा क्रमश: ७० र ३० प्रतिशतका दरले लागत व्यहोर्ने तथा प्रदेश र निजीक्षेत्रको साझेदारीमा ५०/५० प्रतिशत रकम व्यहोर्ने सम्झौता भएको थियो ।

# 'खानेपानी सम्बन्धि ऐन ल्याउँदै बागमती सरकार'

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिचाई मन्त्री श्यामबहादुर खड्काले प्रदेश सरकारले खानेपानी सम्बन्धि ऐन ल्याउने तयारी गरेको बताएका छन् ।



उपभोक्तामा खानेपानी वितरणलगायतका काम गर्दै आइरहेका उपभोक्ता समितिहरुलाई नियमनको लागि ऐन ल्याउन लागेको उनको भनाई छ । वाटर एड नेपालसँगको सहकार्यमा खानेपानी तथा सरसफाई उपभोक्ता महासंघको आयोजनामा शुक्रबार हेटौँडामा भएको अन्तर क्रियात्मक कार्यक्रममा बोल्दै मन्त्री खड्काले संघीय सरकारले बनाएको ऐन संग नबाझिने गरी प्रदेश सरकारले ऐन बनाउने बताए ।

ऐनको ड्राफ्ट अन्तिम चरणमा रहेको र प्रदेशसभाको चालु अधिवेशनमै ऐनलाई पेश गर्ने तयारीमा प्रदेश सरकार रहेको उनले जानकारी दिए । मन्त्री खड्काले संघीयताको कार्यान्वयन पश्चात् प्रदेश सरकार मातहात आएका खानेपानी कार्यालयहरुको कार्ययोजनालाई व्यवस्थित गरिने समेत उल्लेख गरे । उपभोक्ता समितिहरुलाई महासंघले पनि विधान बनाएर नियमन गर्नुपर्नेमा उनको जोड छ । कार्यक्रममा बोल्दै बागमती प्रदेशसभा सदस्य भारती पाठकले जलवायु परिवर्तनको प्रत्यक्ष असर महिलाहरुमा पर्न गएको बताए ।

वन, वातावरण, जलको नजिक सम्बन्धको भएपनि जलवायु परिवर्तनको कारण पानीको मुहान सुक्दै गएको उनले उल्लेख गरिन् । जसको असर विशेष गरी ग्रामीण भेगका महिलाहरुमा परेको उनको भनाई छ । खानेपानी तथा सर सफाई उपभोक्ता संस्थाहरुमा निर्णायक तहमा महिलाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले देशभरमा ४३ हजार उपभोक्ता समिति रहेको पनि महिलाले नेतृत्व गरेका समिति निकै न्यून मात्रामा रहेको बताए ।

खानेपानी क्षेत्रमा प्रमुख उपस्थिति महिलाको रहने भएकाले नेतृत्व र निर्णायक तहमा पनि महिलाको सहभागिता सुनिश्चित हुनुपर्ने उनको भनाई थियो । खानेपानी संस्थानका अध्यक्ष राजेन्द्र अर्याल, खानेपानी मन्त्रालयका सचिव मोहनकुमार शाक्यलगायतले नेतृत्व तहमा महिला सहभागिता बढ्दा समुदायमा सकारात्मक सोचको विकास हुनुको साथै योजना कार्यान्वयनमा पारदर्शिता देखिने धारणा राखे । ३३ प्रतिशतबाट बढाएर महिला सहभागिता ५० प्रतिशत पुराउन नीतिगत सुधार आवश्यक रहेको सहभागीहरुले बताए ।

## बालगृहको दीगोपनका लागि ज्ञानमहायज्ञ गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ हेटौंडा उपमहानगरपालिका-५ स्थित 'हाम्रो घर' बालगृहको सञ्चालन दीगोपनका लागि अक्षयकोष स्थापनार्थ श्रीमद्भागवत् सप्ताह ज्ञानमहायज्ञ हुने भएको छ ।

ग्रामीण जीवनस्तर सुधार मञ्च मकवानपुरको आयोजनामा 'हाम्रो घर' बालगृहका लागि अक्षयकोष स्थापनार्थ फागुन १ गतेदेखि ९ गतेसम्म श्रीमद्भागवत् सप्ताह ज्ञानमहायज्ञ धार्मिक महोत्सव हुने शुक्रबार पत्रकार सम्मेलन गरी संस्था अध्यक्ष इन्दिरा न्यौपानेले जानकारी दिइन् । २०६५ सालमा न्यौपानेले ८ बालबालिका राखेर आफ्नै घरबाट सुरु गरी ५ वर्षपछि बालगृहको आफ्नै भवन बाट सेवा सुरु गरिएको उनले बताइन् ।

पछिल्लो समय बालगृहमा रहेका बालबालिकालाई आर्थिक मन्दीका कारण समस्या हुने अवस्था आएपछि दीगोपनका लागि सप्ताह ज्ञानमहायज्ञ गर्न लागिएको उनको भनाइ छ । महायज्ञ धार्मिक महोत्सव फागुन १ गते विहान ८ बजे गोरक्षेश्वर मन्दिर (राप्तीतट) बाट कलशयात्रापछि उद्घाटन गरिने छ । 'हाम्रो घर' बालगृहमा १० बालिकासहित २७ जनाले आश्रय लिइरहेका छन् । सप्ताह कार्यक्रमको संयोजक मेनका श्रेष्ठ, सचिव टिकाकुमारी पराजुली, कोषाध्यक्ष गिता गौतम, उपाध्यक्ष देवकुमारी चापागाईं, सदस्य राधा अधिकारीलगायतले सप्ताह आयोजनालाई सफल बनाएर बालगृहको दीगोपनाका लागि सबैको सहयोग आवश्यक रहेको बताए ।

## चित्लाङ-चन्द्रागिरि सडक कालोपत्रे गर्न १५ करोडको ठेक्का आव्हान



साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ मकवानपुरको आर्थिक विकासकोद्वारको रुपमा रहेको चित्लाङ-चन्द्रागिरि-थानकोट सडक खण्ड स्तरीकरण एवम् कालो पत्रे गर्नका लागि १५ करोडको ठेक्का आव्हान भएको छ ।

चालु आर्थिक वर्षमा विनियोजित रकम ४ करोड ३१ लाखलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १० करोड ६९ लाख बजेट वृद्धि गरी १५ करोडको ठेक्का आव्हान गरेको हो ।

यस ठेक्का मार्फत सडकलाई अहिले भईरहेको काममा थप नाली निर्माण तथा कालो पत्रेले निरन्तरता पाउनेछ । अघिल्ले आर्थिक वर्षमा पनि बर्तौलाकै पहलमा यस सडकले ७ करोड ९९ लाखको ठेक्का भई उक्त सडकमा काम भई रहेको छ ।

दुर्घटना ग्रस्त क्षेत्र सेतो पहरामा पनि तार जाली मार्फत क्र्यास ब्यारियर निर्माण भईसकेको छ । मुख्य सचेतक बर्तौलाको स्वकीय सचिव आशिष अस्लामीका अनुसार चित्लाङ-चन्द्रगिरि-थानकोट सडकलाई पूर्ण रुपमा स्तरीकरण गरी उत्तरी मकवानपुरको थाहानगरलाई समृद्ध बनाउने काम भइरहेको छ । यस सडकलाई थाहानगरसम्म मात्रै नभइ जिल्लाको विकट क्षेत्र कैलाश, राक्सिराङ हुँदै मनहरीसम्म विस्तार गर्ने योजना रहेको छ ।

मकवानपुरको प्रतिनिधि सभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाले थाहादेखि मनहरी सडकलाई रुपचन्द्र विष्ट मार्गको नामबाट अध्ययन तथा चालु चआर्थिक वर्षमा नै १ करोड ६२ लाखबाट निर्माण थालनी गरेका छन् ।

थाहानगरलाई केन्द्रमा राखेर भीमफेदी र इन्द्रसरोबरसहित पर्यटन करिडोर बनाई एकिकृत पर्यटन विकास गरी ग्रामिण अर्थतन्त्र वृद्धी गर्न सांसद बर्तौलाले योजनावद्ध रुपमा काम गरिरहेको बताएका छन् ।

## हेटौंडाको १४ नम्बर वडा बालमैत्री घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त वडाको रुपमा घोषणा गरिएको छ । हेटौंडा-१४, स्थित भुकुटी माध्यमिक विद्यालयमा भएको कार्यक्रममा वडालाई नगर प्रमुख मिनाकुमारी लामाले बालमैत्री घोषणा गरिन् ।

लामाले बालमैत्री घोषणालाई दिगो रुपमा सार्थकता दिने गरी काम गर्न अनुरोध गरिन् । १४ नम्वर वडाध्यक्ष दिपक खड्काको सभाध्यक्षतामा भएको कार्यक्रममा उपमेयर राजेश बानियाँ, जनप्रतिनिधि, विद्यार्थी, शिक्षकलगायत विभिन्न संघसंस्थाको प्रतिनिधीहरुको उपस्तिथि रहेको थियो । १४ नम्वर वडामा घरधुरी तथ्यांक संकलन २०७९ अनुसार १८ वर्षभन्दा कम उमेर समूहका २ हजार ४ सय ९४ जना बालबालिका छन् । जसमा १ हजार २ सय ६७ बालक र १ हजार २ सय २७ बालिका रहेका छन् ।

१४ नम्बर वडामा सामुदायिक, संस्थागत र बाल विकास केन्द्रसहितका ६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । समुदायस्तरमा २२ वटा बाल समूह, १ वडा बाल सञ्जाल रहेको छ । जसमा ५ सय ५० जना बालबालिकाहरु आबद्ध रहेका छन् । विभिन्न संरचनात्मक समितिहरुमा समेत गरी ५ सय ७० जना बालबालिकाहरुको प्रत्यक्ष सहभागिता रहेको छ । यो अभियानमा १२ वटा बाल विवाह रोकिएको वडा अध्यक्ष खड्काले जनाए । विभिन्न बाल श्रमिकको उद्धार गरी पारिवारिक मिलन समेत गरिएको छ ।

१४ नम्बर वडालाई यसअघि पुर्ण खोप वडा, पुर्ण साक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा गरिसकिएको छ । वडाको कुल क्षेत्रफल १६ दशमलव ३२ वर्ग किलोमिटर रहेको छ । यस वडाको पूर्वी सिमाना हेटौंडा-१५, पश्चिम सिमाना हेटौंडा-१३, उत्तर सिमाना हेटौंडा-९ र दक्षिण सिमाना पर्सा राष्ट्रिय निकुन्ज पर्दछ । यस वडाका अधिकाशं भागहरु ग्रामीण स्तरका छन् ।

१४ नम्बर वडा घोषणासँगै हेटौंडा उपमहानगर पालिकाको १९ वटै वडा निकृष्ट बालश्रममुक्त, बालविवाह मुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त घोषित भएको छ । सबै वडाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री घोषणा र बालमैत्री घोषणा कार्यान्वयन कार्यविधि २०७९ ले तोकेका ५१ वटा सूचक पूरा गरेर बालमैत्री स्थानीय शासनयुक्त वडा घोषित गरेको हो । हेटौंडा उपमहानगरको १९ वटा वडा छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# यी हुन् सबैभन्दा धेरै बिक्री भएका १० स्मार्टफोन



एप्पलको आइफोन १५ बितेको अंग्रेजी वर्ष सन् २०२४ मा विश्व बजारमा सबैभन्दा धेरै बिक्री हुने स्मार्टफोन बनेको छ । काउन्टर प्वाइन्ट रिसर्चको ग्लोबल ह्यण्डसेट मोडेल सेल्स ट्र्याकर रिपोर्ट अनुसार विश्वमा सर्वाधिक बिक्री हुने टपटेन स्मार्टफोनको सूचीमा लगातार तेश्रो वर्षपनि एप्पल र सामसुंगले नै कब्जा जमाएका छन् ।

गतवर्ष सामसुंगको स्थानमा सुधार आउँदा टपटेन मध्ये ४ वटा स्थान कब्जा गर्न सफल भएको छ। सन् २०२३ मा सामसुंगका तीनवटा फोन मात्रै यस सूचीमा परेका थिए ।

काउन्टरप्वाइन्टको रिपोर्ट अनुसार एप्पलको आइफोन १५ सिरिजको आधारभूत मोडेलको फोन सन् २०२४ मा विश्वमा सर्बाधिक लोकप्रिय फोन बन्न सफल भएको छ । यो मोडेलका फोनमध्ये आधाजसो बिक्री त अमेरिका र चीनमा मात्रै भएका छन् ।

सबैभन्दा धेरै बिक्री हुने फोनको दोश्रो स्थानमा आइफोन १५ प्रो म्याक्स र तेश्रो स्थानमा आइफोन १५ प्रो रहेका छन् ।

सर्वाधिक बिक्री हुने स्मार्टफोनको चौथो नम्बरमा सामसुंगको ग्यालेक्सी ए१५ फाइभ जी परेको छ । एप्पलको पछिल्लो संस्करणको आइफोन १६प्रो म्याक्स चाहीं यो सूचीको पाँचौ स्थानमा छ ।

त्यस्तै छेटौंमा ग्यालेक्सी ए१५ फोर जी, सातौंमा ग्यालेक्सी एस२४ अल्ट्रा र आठौंमा आइफोन १४ रहँदा नबौंमा आइफोन १६प्रो र दशौंमा ग्यालेक्सी ए०५ रहेका छन् ।

रिपोर्ट अनुसार ग्यालेक्सी एस२४ अल्ट्रा सन् २०१८ पछि टपटेन सूचीमा अटाउने सामसुंगको पहिलो एस मोडेलको फोन बन्न सफल भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स फिचर सहितको यो फोनले प्रयोगकर्तामाझ व्यापक आकर्षण पैदा गरेको छ ।

गतवर्ष ग्यालेक्सी २४ सिरिजका स्मार्टफोनको बिक्रीमध्ये आधा भन्दा धेरै अमेरिका र पश्चिमी युरोपमा भएका छन् । त्यस्तै अफ्रिका र मध्यपूर्वमा पनि यो मोडेलका फोनको बिक्री बढेको छ ।

सन् २०२३ का टपटेन स्मार्टफोनको सूची यस्तो थियो:
आइफोन १५
आइफोन १५ प्रो म्याक्स
आइफोन १५ प्रो
आइफोन १६ प्रो म्याक्स
आइफोन १५ प्रो
आइफोन १४
आइफोन १६ प्रो
ग्यालेक्सी ए१५ फाइभ जी
ग्यालेक्सी एस २४ अल्ट्रा
ग्यालेक्सी ए ०५

**स्वास्थ्य शिक्षा**

# रातो अङ्गुरले पुरुषको यौन क्षमता बढाउँछ : अध्ययन

पुरुषमा यौन क्षमताको कमी छ भने भियाग्राको औषधि आजकाल निकै लोकप्रिय भएको छ । धेरैजसो पुरुषले भायग्रा लिन्छन् तर भर्खरै गरिएको एक अनुसन्धानले रातो अङ्गुर यौन क्षमता वृद्धिका लागि औषधि रहित विकल्प हुन सक्ने दाबी गरेको छ ।

रातो अङ्गुरले पुरुषको यौन शक्तिलाई ८० प्रतिशतले बढाउँछ । रातो अंगुरको जुस नियमित सेवन गरेमा इरेक्टाइल डिसफंक्शन (लिङ्गमा कडापन नहुने) समस्या ८० प्रतिशतसम्म हट्ने अनुसन्धानकर्ताहरुले बताएका छन् । अध्ययनले ४० वर्षपछि हरेक पुरुषले हप्तामा कम्तीमा ५ दिन रातो अङ्गुरको जुस पिउनुपर्ने बताएको छ ।

डेली मेलको रिपोर्ट अनुसार यसबारे स्वतन्त्र अध्ययन गरिएको हो। यसमा कुनै पनि व्यावसायिक पेय पदार्थ कम्पनीको कोष संलग्न थिएन । यस अध्ययनमा धेरै जुसहरूमाथि अध्ययन गरिएको थियो ।

अन्य कुनै पनि प्रकारको जुसबाट पुरुषको यौन क्षमतालाई विशेष फाइदा नभएको पाइएको छ । आँप, सुन्तला, अनानास वा टमाटरको जुसले पुरुषको यौन क्षमतामा कुनै असर गर्दैन ।

वास्तवमा, इरेक्टाइल डिसफंक्शनको समस्या पश्चिमी देशहरूमा धेरै सामान्य छ। बेलायतमा मात्र ४० वर्षपछिका आधा पुरुषहरू इरेक्टाइल डिसफंक्शनको सिकार भएका छन् । यस्ता व्यक्तिहरूलाई मधुमेहको खतरा बढी हुन्छ। बेलायतमा यो रोगसँग लड्न मानिसहरूले वर्षमा १ करोड ३० लाख पाउण्डको भायग्रा उपभोग गर्छन्। भायाग्रा बाहेक अर्बौं रुपैयाँको अन्य औषधि पनि मानिसले खाने गरेका छन् ।

स्वस्थ आहार र नियमित व्यायामले इरेक्टाइल डिसफंक्शनको जोखिम कम गर्ने धेरै अघिल्ला अध्ययनहरूले पत्ता लगाएका छन् । तर अहिलेसम्म कुनै खास चीज खाँदा पुरुषमा यौन क्षमता बढ्छ भन्ने थाहा थिएन ।

यो अध्ययन चीनको तियानजिन मेडिकल युनिभर्सिटीका शोधकर्ताहरूले गरेका हुन् । यस अध्ययनमा १५०० मध्यम उमेरका मानिसहरूमाथि अध्ययन गरिएको थियो। ती व्यक्तिहरूको स्वास्थ्य तथ्याङ्क सङ्कलन गरिएको थियो। यसमा कति मानिसमा यौन क्षमताको कमी छ भनेर अनुसन्धान गरिएको थियो ।

यौन क्षमता कम भएका व्यक्तिलाई ९ प्रकारका पेय पदार्थ खुवाइएपछि उनीहरूको यौन क्षमता जाँचियो । त्यसपछि रातो अङ्गुरको जुस बाहेक अन्य कुनै जुसले यौन क्षमतामा कुनै परिवर्तन नभएको पत्ता लाग्यो ।

रातो अङ्गुर खाने पुरुषहरूमा इरेक्टाइल डिसफंक्शनको समस्या थिएन। अध्ययनले यो पनि पत्ता लगायो कि अन्य कुनै पनि रंगको अङ्गुरले यौन क्षमतामा कुनै फाइदा प्रदान गर्दैन। शोधकर्ताहरूका अनुसार रातो अंगूरमा वनस्पति रासायन फेनोल्सको मात्रा सबैभन्दा बढी हुन्छ जसले रक्त धमनीहरूलाई स्वस्थ राख्छ र जसका कारण रगतको प्रवाह पुरुषको लिङ्गतर्फ बढ्न थाल्छ ।

# गर्भावस्थामा स्विस बल व्यायाम गर्दा नर्मल डेलिभरीको सम्भावना बढ्छ ?

गर्भावस्थामा स्विस बल व्यायाम गर्दा नर्मल डेलिभरीको सम्भावना बढ्छ ? गर्भावस्थाको समयमा सुत्केरी हुने समय नजिकिँदै गर्दा महिलाहरू यो प्रक्रिया सकेसम्म सजिलो होस् भन्ने चाहन्छन् । धेरैजसो महिलाहरू नर्मल डेलिभरीमार्फत बच्चा जन्माउने चाहना राख्छन् । यसका लागि कतिपय महिलाहरूले व्यायाम पनि गर्छन्, जसले गर्दा उनीहरू शारीरिक रूपमा बलियो हुन् र नर्मल डेलिभरी होस् ।

गर्भावस्थाका बेला गरिने विभिन्न व्यायामहरू मध्ये एक स्विस बल व्यायाम पनि हो। जसलाई धेरै विशेषज्ञहरूले गर्भवती महिलाहरूका लागि लाभदायक मान्छन्। तर के यो अभ्यासले साँच्चै नर्मल डेलिभरीमा मद्दत गर्न सक्छ ?

**के हो स्विस बल ?**

स्विस बल, जसलाई बर्थिङ बल वा व्यायाम बल पनि भनिन्छ । यो बल धेरै ठूलो र लचिलो हुन्छ । स्विस बलमा गरेको व्यायामले शरीरको कोर मांसपेशीलाई बलियो बनाउन मद्दत गर्छ । गर्भावस्थामा दुखाइ र शरीरको कठोरताबाट राहत पाउन महिलाहरूले स्विस बलमा व्यायाम गर्न सक्छन् ।

**स्विस बल व्यायाम गर्दा नर्मल डेलिभरी हुन्छ ?**

यदि महिलाहरूले गर्भावस्थाको अन्तिम महिनामा स्विस बल व्यायाम गर्छन् भने यसले पेल्भिक क्षेत्रको मांसपेशीलाई बलियो बनाउँछ । यस बलमा व्यायाम गर्दा पाठेघरको भित्तामा हुने दुखाइ र तनाव पनि कम हुन्छ । यो व्यायामले प्रसूतिको समयमा योनी वरपरको अङ्गहरूलाई बलियो बनाउँछ र नर्मल डेलिभरीलाई सजिलो बनाउँछ ।

यदि महिलाहरूले गर्भावस्थाको सातौं महिनापछि स्विस बल व्यायाम गर्छन् भने यसले नर्मल डेलिभरीको सम्भावना बढाउन सक्छ । तर, गर्भावस्थामा कुनैपनि प्रकारको समस्या भएका महिलालाई चिकित्सकले बेड रेस्ट गर्ने सल्लाह दिएका छन् भने स्विस बलको व्यायाम नगर्नु उपयुक्त हुन्छ ।

**गर्भावस्थामा स्विस बल व्यायामको लाभ**

गर्भावस्थामा स्विस बल एक्सरसाइज गर्नाले नर्मल डिलिवरीमा मात्र सहयोग पुग्दैन, यसले ९ महिनामा हुने समस्यालाई पनि कम गर्छ । गर्भावस्थाको समयमा ढाड दुखाइ एक सामान्य समस्या हो । स्विस बलमा बसेर हल्का व्यायाम गरेर यो दुखाइ कम गर्न सकिन्छ ।

गर्भावस्थाको समयमा पेटको फैलावटले मेरुदण्डमा थप दबाब दिन्छ । यसका कारण शरीरको सन्तुलनमा गडबड हुनसक्छ तर यो व्यायामले स्थिरता सुधार गर्न मद्दत गर्दछ।

गर्भावस्थाको अन्तिम चरणहरूमा यदि बच्चा सही स्थितिमा छैन भने, स्विस बलमा हल्का व्यायाम गर्नाले बच्चाको टाउको तल ल्याउन मद्दत गर्न सक्छ । गर्भावस्थाको समयमा मानसिक तनाव कम गर्न पनि स्विस बल व्यायाम लाभदायक मानिन्छ ।

**स्विस बल व्यायाम गर्दा अपनाउने पर्ने सावधानीहरू**

- गर्भावस्थामा स्विस बल व्यायाम गर्नुअघि डाक्टरसँग परामर्श लिनुपर्छ ।
- यदि स्विस बल व्यायाम गर्दा दुखाइ वा असुविधा महसुस हुन्छ भने पनि चिकित्सकको सल्लाह लिनुपर्छ ।
- स्विस बल व्यायाम गर्दा, हल्का र आरामदायक गतिविधिहरू मात्र अपनाउनुपर्छ ।
- व्यायाम गर्दा खस्नबाट जोगिन सावधान र हनुपर्छ र सधैं केही समर्थनको साथ मात्र बलमा बस्नुपर्छ ।

**निष्कर्ष**

स्विस बल व्यायाम गर्भवती महिलाहरूका लागि धेरै तरिकामा लाभदायक छ । यद्यपि यसले नर्मल डेलिभरीको पूर्णग्यारेन्टी गर्दैन । तर यदि नियमित रूपमा गरिन्छ भने, यसले नर्मल डेलिभरीको सम्भावना बढाउन सक्छ । त्यसैले यो व्यायाम गर्नुअघि, एक पटक चिकित्सकको परामर्श लिनु उपयोगी हुन्छ ।

**साहित्य**

हास्यव्यंग्य

# भूत सभाको सन्त्रास

✍ कृष्ण उफान

बाल्यकालमा आमा बुबाले, आफन्तजनले आफ्ना नानीहरुलाई फकाउन, डर देखाउन भूत आयो भूत आयो भन्दै तर्साउने गर्दथे । रोएर हैरान पारेमा तै चुप लाग्छन् कि भनेर हाउगुजीले खान्छ भनेर तर्साउनु हुन्थ्यो । त्यसको असर जिन्दगीभर पर्दोरहेछ । अहिले पनि भूतको कुरा गर्दा आङ सिरिङ्ग हुन्छ । डरले सातोपुत्लो जान्छ । लुगलुग काँप्न थाल्दछु । होसहवास सबै उडेर चेतनशून्य हुन्छु । रातको समयमा भूतहरुको चलखेल हुन्छ भन्ने कुरा त जोसुकैलाई पनि अवगत भएकै कुरा हो । मध्यरातमा उनीहरु खुब र माउदै यताउति हिड्छन् । दिनचरहरु रातमा हिडडुल गरेमा उनीहरुले सिकार बनाउछन् रे । त्यसो भनेपछि त झन् डर लाग्छ मलाई त । आफ्नो ज्यानको माया त लागिहानछ नि । बाँचे संसारमा यी दुई टोड्.का आँखाले अनेक कुराहरु देख्न पाइन्छ । यी दुलो परेको दुई कानले अनेक कुराहरु सुन्न पाइन्छ ।

एउटा भूत गाँउमा छिर्‍यो भने सारा गाउँलेलाई पिरेर हैरान पार्दछ । रातदिन धामी झाँक्री खोज्दा र लगाउँदा लगाउँदा हैरान बनाउँदछ । वैज्ञानिक युग हो धामी झाँक्री नलगाउ भने पनि कहिले कलिला लालावालालाई सताउछन् । कहिले ठूलालाई मरणासन्न हुने गरी पिर्छन् । कहिले पशु चौपायालाई थलाको थला मै लम्पसार पारिदिन्छन् । अस्पतालको औधषी त जति सेवन गरेपनि वीसको उन्नाइस हुदैन । बरु प्रतिक्षा गर्दा गर्दा आशाको डोरी चुडिसक्छ तर रोग विसेक हुने कुनै छेकछन्द आउदैन । अनि विवश भएर धामीको शरणमा पुग्नु पर्दछ । ढीलो चाडो रोग निदानको लागि पहल गरिन्छ । केही राहात पनि मिल्दछ ।

यी घरगाउँमा आउने भूत भन्दा पनि वीसौं गुणा भएङ्कर अर्को भूतसभाको पो डर लागिरहेछ । संविधान बनाउनका लागि भनेर दुई वर्षको अवधि दिएर सभाषद्हरुलाई निर्वाचित गरेर नेपाली जनताहरुले पठाएका थिए । आफ्नो आयुको वास्ता नै नगरिकन संविधान बनाउनु भन्दा पनि खाली सत्ता लोलुपतामा लागिरहे । "जसको निम्ति गोठ बनायो उसको पुच्छर बाहिर "भने झैं संविधान बनाउनुको सट्टा आफ्नो शक्तिको प्रदर्शनमन व्यस्त रहे । "जब पर्‍यो राती कानी बूढी ताती "भने झैं संविधानसभाको म्याद सकिने दिनको पनि अन्तिम घडीमा आएर भ्याइ नभ्याइकन रातविरात संविधान बनाउन दत्तचित्त लगाएर नेपाली जनताका आँखामा छारो हाल्ने दुस्साहस गर्थे । दुई वर्षको आयु सकिएर पनि अर्को दुई वर्ष भूत भएर नेपाली जनता देश समयलाई तर्साइरह्यो। सम्मानित सर्वोच्च अदालतले मरेर पनि भूत भएर पनि पु:न मरिसक्यो भनेर घोषणा गरिसक्यो । आफ्नो आयु भरी त जगजगी गरेर नेपाल जस्तो पूण्य भूमिलाई अधोगति तर्फ धकेल्न निकै ठूलो भूमिका निर्वाह गरे । अब त मुलुकले मुक्तिको बाटो अवलम्बन गर्लान् भनेको त पु:न ६०१ भूतहरु हामीहरु बीच फेरि व्यूझिनु पर्छ भन्दै सरसल्लाह पो गर्न थालेकाछन् ।यस्ता कुरा सुन्दा आम नेपाली जनताका मनमा कस्तो भावनाहरु उब्जिएलान् । लाजसरम पचेका भूतहरु फेरि पनि जागाजोति भएर नेपालमा मोजमस्ती गर्न लालयित छन् , खवरदार यस्ता कुचेष्टा गरेमा नेपाली जनताले कदापि क्षमा दिने छैनन् । किनकि आयु सकिएको वायुले जे पनि गर्न सक्दछन् । प्यारो देश र नेपाली जनताको पीर चिन्ता भएको भए आफैले मागेको समय सीमा भित्र संविधान बनाएर नेपाली जनताका हात हातमा नयाँ संविधान पुर्‍याइसक्थे तर खै रु माछा माछा भ्यागुतो "भने झैं भयो । संविधान आँउछ आँउछ भन्दा भन्दै आखिरमा हात लाग्यो शून्य भयो ।

भूतसभा पु:न व्यूँतिए भने यिनीहरुले जे गर्न पनि पछिपर्ने छैनन् । देशकै अस्तित्व खतरामा पर्न लागेको अवस्थामा पनि सत्तामा जाने र झण्डावाल पजेरोमा चढेर रवाफ र शानका साथ हिड्न पल्केकाहरु सधैं त्यसैको लोभमा जे जस्तो वाचा कसम पनि चुकाउन पनि पछि पर्दैनन् । भूतहरुलाई के को लाज के को सरम ? एकैछिनमा काटाकाट गरुला झैं गरेर वाक युद्धमा उत्रन्छन् । फेरि घाँटी जोडेर एउटै कार्यक्रममा उद्धाटन गर्न पुग्छन् । हुनसम्मको नाटक देखाउछन् । सत्ताको भागबण्डा नमिलेमा घुर्क्याउछन् , दंग्याउछन् । आखिरमा मिलेर सहकार्य पनि गर्नपछि पर्दैनन् । पार्टी फुटाएर रुखमा ऐंजेरु पलाए झैं पलाउन पनि पछि पर्दैनन्.। यिनीहरु माथि कुनै पनि कुरामा विश्वास गरि हान्नु हुदैन । धोका माथि धोका दिन सक्छन् । त्यसैले समयमा नै सचेत भएर रहनु आवश्यक छ । कुनै पनि हालतमा भूतसभा बनाउन दिनु हुदैन ।

पूर्वको भूत, पश्चिमको भूत, उत्तरको भूत दक्षिणको भूत चारै दिशाको भूत भेला भएपछि त के चाहियो र को भन्दा को कम र ? पूर्वेलीहरु भन्छन् अरुण पूर्वका भागको छुट्टै राज्य हामीलाई चाहिन्छ । हामीहरुले ल्याएका प्रस्तावहरु सही छन् । समय सान्दर्भिक छन् भन्दै अडानमा बस्ने गर्छन् । पश्चिमेलीहरु पनि हामीले नेपाली जनताका सही मागलाई ल्याएका छौ त्यसैले हाम्रो प्रस्तावलाई पारित गरिनु पर्दछ भन्दै अडानमा बस्छन् । समयले मागेको नेपाली जनताका सही सम्बोधन गरिएको आगामी दश वर्षमा नेपाललाई समुन्नत विकास गरी विश्वका अति विकसित मुलुकको दाँजोमा अग्रपंक्तिमा ल्याउने किसिमको छ त्यसैले हाम्रो मागलाई अक्षरश पास गरिनु पर्छ भन्दै मोर्चावन्दी बन्दछन् दक्षिणका भूतहरु । नत्र त सदनबाट सडकमा ,जनता माझ गएर सदन अवरुद्ध गर्न पनि पछि पर्ने छैनन् । उत्तरी दिशाका भूतहरु झन् के कम र । हामी त हिमालको चिसो हावा खाएर, हजारौं हजार किसिमका जडिबुटीका वासनादार हावापानीमा हुर्किएको मानिस हौं । स्वच्छ वातावरणमा हुर्किएकाको मन पनि एकदम कञ्चन छ कुनै छलकपट छैन । त्यसैले हाम्रो प्रस्तावलाई केही पनि थपघट नगरिकन समेटिनु पर्दछ । हामीहरुलाई हिमाली राज्य छुट्टै चाहिन्छ । भनेर एक आपसमा बाझाबाझ गर्न पनि पछिपर्ने छैनन् ।त्यति मात्र हो र थुम्की नै पिच्छेका भूत छन् । जातै पिच्छेका भूत छन् । भाषै पिच्छेका भूत छन् । पार्टी भित्र पनि फरक फरक विचार बोक्ने भूतहरु छन् । हरेक भूतका आ-आफ्नै मागहरु छन् ।

नेपाललाई ससाना राज्यहरुमा टुक्रा टुक्रा पारेर सत्यानास पार्न बेर लगाउँदैनन् । यी लाजसरम पचाएका भूतहरुले । त्यसैले कुनै पनि हालतमा भूतहरुलाई चलखेल गर्ने अवसर प्रदान गर्नु हुदैन । राष्ट्र , राष्ट्रियता र नेपाली जनताका लागि जस्तै मूल्य चकाउनु परेपनि, ज्यानकै बाजी लगाउनु परेपनि पछि पर्नु हुदैन । नेपाली जनताका अगाडि अव परीक्षणको घडी आएको छ । होस पुर्‍याएर काम गर्नु पर्नेछ । कुनैपनि हालतमा भूतसभा व्यूतिन दिनुहुदैन ।

# सम्बन्ध

✍ राकेश कार्की

सम्बन्ध नभएको भन्दा भएकै राम्रो
जुट्दा खेरि फक्रिदिन्छ
रङ्गीचङ्गी फूलहरू
तर कहिले काही
फुट्दा खेरि झरिदिन्छ

ओइलिएका फूलहरू
हेर यो संसारका सन्तानहरू
जुटाउने पनि छन् फुटाउने पनि छन्
नजुटिकन सम्बन्धै हुँदैन
जसरी एक हातले ताली बज्दैन
एक्लै हुँदा कसरी भौतारिन्छन्
एकोहोरिएका मानिसहरु
नबिग्रीकन थाहा हुदैन सम्बन्ध
नटुटिकन थाहा हुँदैन
कसको कहाँ कति
कोमल दिलको दु:खाइ
सम्बन्धमा सम र बन्ध हुनुपर्छ

मिलेको गाँसिएको
कुनै वकालत नै गर्न नपर्ने
विल्कुलै अहम रहित
तर असमान र खुल्ला भएमा
अहँ मिल्दैन बाँधिदैन
क्रोधले भटकाइरहन्छ बुद्धि
विगारिदिन सक्छ छुटाइदिन सक्छ
सम्बन्ध बाँधिन्जेललाई मात्र हो
फुक्न नदिने हो साँचो भावना
कसैको सम्बन्ध मीठो

हाँसो, सुख र खुशी भरिएको
परन्तु कसैको तीतो-अमिलो
आँसु, दु:ख र विरह छरिएको
रफु भर्दा पनि दुरूस्त नदेखिने
कतै टालिएको कतै उध्रिएको

# हामी फेरि उठिरहेका छौ

✍ ऋतु आसीक

प्रिय नन्दिता !
नालापानीको सहादत हुदै
म फर्केर आएको छु ।
हो ! तिम्रो लागि फर्केर आएको छु ।


तिमीलाई थाहा होला
सहादतको पूर्वसन्ध्यामा भनेको थिए नी ?
तिम्रो विकल्प भनेको तिमी नै हौ ।
त्यसबेला लाडिएर भनेकी थियौ नी ?
मेरो बिकल्प पनि खोजि सकेको ?
ती तिम्रा सब्दहरु अझै बिर्सिएको छैन
हो ! बुझेउ अझै बिर्सेको छैन।
त्यसबेला म सहादतको बर्को ओढिरहेको थिए ।

तिमी अचेत भएर लडिरहेकी थियौ ।
तिमीले मलाइ उछिनेर
सहादत भएको पत्तै भएन ।
प्रिय । मलाइ मफा गर
फेरि पनि मलाइ माफ गर ।
देशले बलिदान मागी रहनछ ।
आफुलाई देश भित्र अटाआएर
नालापानी हाम्रो गौरब
हाम्रै आफ्नो बैभवको साम्राज्य हो ।
जो अतित बोलिरहेको हुन्छ ।
प्रिय नन्दिता !

तिम्रो चाहनाको थलोमा उभिएर
मलाइ गर्ब छ तिम्रो आगमनमा
मलाइ गर्ब छ तिम्रो समर्पणमा
मलाइ बिस्वास छ
ब्रम्हाणडको क्रम उपक्रममा
हामी फैलिन्छौ
हामी फेरि फर्कन्छौ।
हामी फेरि उठ्छौ ।
हाम्रो स्वाभिमान उठाउदै ,
हो ! हामी फेरि उठ्छौ ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# सुरेशराज शर्माको विरासतविरुद्ध बोल्न थाले केयूका प्राध्यापक

काठमाडौं/काठमाडौं विश्वविद्यालयका संस्थापक हुन्, प्रा.डा. सुरेशराज शर्मा । ६ कार्यकाल अर्थात् २० वर्ष उपकुलपति भएर उनले केयूलाई उत्कृष्ट विश्वविद्यालय बनाए । सन् १९९१ मा स्थापना भएको विश्वविद्यालय अहिले उनकै 'लिगेसी'ले चलिरहेको छ । उपकुलपतिबाट बाहिरिएपछि पनि अब बन्ने नयाँ उपकुलपति छनोट समितिमा उनै छन् । उनैले उपकुलपतिको नाम सिफारिस गरिरहेका छन् ।

केयूमा शर्मालाई सबैले अभिभावक मान्छन् । तर यसपटकको उपकुलपति छनोटमा उनको अति सक्रियताले केयूका प्राध्यापकहरू प्रश्न गर्न थालेका छन् । '१९९१ मा जसरी स्थापना भयो । २०२५ मा आइपुग्दा पनि त्यो सोचमा परिवर्तन भएको छैन । त्यतिबेला गुणस्तरीय शिक्षाको परिकल्पना गरेर सुरेश सरको नेतृत्वमा एउटा समूहले गऱ्यो,' केयूका प्रा.डा मनप्रसाद वाग्ले गुनासो राख्दै सुनाउँछन्, 'एकदमै मान्नुपर्ने कुरा छ । ठूलै विश्वविद्यालय बन्यो । तर आज २०२५ मा आइपुग्दा पनि लिगेसीमा परिवर्तन भएन ।'

प्रा.डा. वाग्ले अब संस्थापक उपकुलपति शर्माको लिगेसीमा परिवर्तन आवश्यक देख्छन् । छैटौंपटक उपकुलपति हुँदा तत्कालीन कुलपति बाबुराम भट्टराईले हटाएपछि प्रत्येक उपकुलपति छनोट समितिमा प्राडा शर्मा रहेका कारण उनको लिगेसी कायम रहेको निष्कर्ष उनको छ । 'छैटौंपटक पनि उपकुलपतिमा सुरेश सर नियुक्त हुनुभएको छ । तर एक वर्षमा नै कुलपति बाबुराम भट्टराई आउनुभयो । उहाँले हटाएको हो । राजीनामा दिन बाध्य पारिएको हो,' प्रा.डा. वाग्ले थप्छन्, 'सुरेश सर उपकुलपतिबाट बाहिरिएपछि प्रत्येक छनोट समितिमा रहनुभयो । १९९१ को लिगेसी अहिलेसम्म छ । लिगेसी परिवर्तन भएन भने केयूमाथि उठ्न सक्दैन ।'



लिगेसीमा परिवर्तन नगर्ने हो भने अरु विश्वविद्यालय जस्तै बन्ने तर्क प्रा.डा. वाग्लेको छ । 'मेरो केयूमा १८ वर्षको अनुभवले भन्छ- लिगेसी परिवर्तन नगर्ने हो भने अरु विश्वविद्यालय जस्तै हुन्छ,' उनले भने । केयूका कामु उपकुलपति प्रा.डा. अच्युत वाग्ले पनि विगतका १२ वर्षसम्म नेतृत्व संकटमा आएको बताउँछन् । बिहीबार काठमाडौंमा आयोजित एक पत्रकार सम्मेलनमै उनले भनेका छन्, 'सुरेशराज सर र सिताराम सरले छोडेपछि उपकुलपति र रजिस्ट्रारको कहीं न कहीं बेमेल भइरह्यो । असमझदारी, स्वार्थको टकराव, घमण्डको टकराव भयो ।'

उनले अझै यसलाई प्रष्ट पार्दै भनेका छन्, 'लिडर थिए तर लिडरसिप दिन सकेनन् ।' सार्वजनिक कार्यक्रममा मात्रै होइन । अनौपचारिक कुराकानीमा पनि केयूका प्राध्यापकहरू भन्न थालेका छन्, 'सुरेश सरलाई अहिले पनि विश्वविद्यालय आफ्नै निजी हो भन्ने लाग्छ ।' केयूकै अर्का एक प्राध्यापकको टिप्पणी छ, 'हरेक निर्णयमा सुरेश सर नै हाबी बन्नुहुन्छ ।' ती प्राध्यापकले गरेको टिप्पणी र पछिल्लो उपकुलपति छनोटमा देखिएको शर्माको अति सक्रियताले पनि शर्मामाथि प्रश्न उठ्नु स्वाभाविक देखिन्छ ।

गत ६ माघमा प्रा.डा. भोला थापाको कार्यका सकिँदै थियो । केयूको सभाले प्रा.डा. शर्माको संयोजकत्वमा सिफारिस समिति गठन गऱ्यो । समितिले १८ पुसमा उपकुलपतिका लागि खुला आह्वान गऱ्यो । र, उपकुलपति छनोट कार्यविधिमा पनि उनी हाबी भए । आफू अनुकूलको कार्यविधि बनाएको केयूका प्राध्यापकहरूको आरोप छ । केयूको मेडिकल संकायलाई नसमेट्नेगरी कार्यविधि बनाएपछि डाक्टरहरू सर्वोच्च अदालतदेखि प्रधानमन्त्री एवं कुलपति केपी ओलीसम्मलाई गुहार माग्न पुग्ने स्थिति बन्यो । अन्तत: कुलपतिको निर्देशनपछि कार्यविधि परिवर्तन गरेर १८ माघमा पुन: दोस्रो पटक आवेदन माग गरियो । 'सुरेश सरको हठले गर्दा यस्तो भएका हो,' उपकुलपतिका लागि आवेदन दिएका अधिकांश उम्मेद्वारहरू भन्छन् ।

यतिसम्म कि सिफारिस समितिका संयोजक शर्माले प्रा.डा. भोला थापालाई नै कामु उपकुलपति तोक्न कुलपति एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई लेखेको पत्र बाहिरियो । यसपछि झन् उपकुलपतिका उम्मेद्वारहरू सशंकित बने । र, उपकुलपतिका ७ उम्मेद्वारले कुलपतिलाई नै ध्यानकर्षण पत्र बुझाए । उपकुलपतिका लागि संयोजक शर्माका भान्जाहरूको पनि आवेदन पर्नुले थप प्रश्नैप्रश्न उठे ।

'सिफारिस समितिले आफैंले जारी गरेको कार्यविधि अनुसार नै सुम्पिएको कार्य गर्ने सन्दर्भमा उक्त समितिका संयोजकका दुई जना भान्जाहरू आवेदक भइर हँदा पनि प्रारम्भिक आवेदनको छनोटमा उहाँहरू पर्नुबाट समितिले कार्यविधिका परिधिमा रही कार्य सम्पन्न गरेको देखिएन,' ७ उपकुलपतिका उम्मेद्वारले कुलपतिलाई लेखिएको पत्रमा भनिएको छ । समिति संयोजक शर्माका भन्जा प्रा.डा. नवीन पोखरेल र प्रा.डा. मनीष पोखरेलले पनि उपकुलपतिका लागि आवेदन दिएका छन् ।

पहिलो कार्यविधिमा समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्यांकन प्रक्रियामा सहभागी नहुने भनिएको थियो । यो विषयमा धेरै प्रश्न उठेपछि संयोजक शर्माले आफू अनुकूलको कार्यविधि संशोधन गरे । संशोधन गरिएको कार्यविधिमा नजिकका नातेदारको मूल्यांकन प्रक्रियामा सहभागी नहुने उल्लेख छ । र, अरु उम्मेद्वारको मूल्यांकनमा सहभागी हुनेगरी कार्यविधि संशोधन गरिएको छ । यसमा पनि उपकुलपतिका उम्मेद्वारहरूले असन्तुष्टि जनाएका छन् ।

उपकुलपति छनोटमा आपत्ति जनाउँदै स्कुल अफ एजुकेसनका डिन बालचन्द्र लुईंटेलले प्रश्न राखेका छन् । 'व्यक्ति को आउँछ को बन्छ गौण कुरा हो । गर्न सक्ने आओस् । लिगेसीमा परिवर्तन गर्नुपर्छ,' उनले बिहीबार पत्रकार सम्मेलनमा भने । 'नजिकका नातेदारकोको मूल्यांकनमा नबस्ने । अरु उम्मेद्वारकोमा बसेर कम अंक दिइयो भने के हुन्छ ? स्वार्थको द्वन्द्व हुन्छ । यसमा पुनरावलोकन हुनुपर्छ,' उपकुलपतिका दौडमा रहेका प्राध्यापकहरूको एकै स्वर छ ।

कुलपतिलाई स्मरण गराएको पत्रमा संयोजक शर्मा अनधिकृत रुपमा प्रवेश गरेको आरोप लगाइएको छ । 'विश्वविद्यालयको विधिविधानले स्पष्ट गरेको प्रावधानमा अनधिकृत प्रवेश गरी अन्यथा सिफारिस गर्ने संयोजकले निष्पक्षता र पारदर्शिता कायम गरेर विश्वविद्यालयको हितमा हुनेगरी उपकुलपतिको नाम सिफारिस गर्ने आधार देखिएन,' ध्यानकर्षण पत्रमा भनिएको छ ।

समितिमा संयोजक शर्माको नेतृत्वमा सदस्य डा. अर्जुन कार्की र पूर्वसचिव जनार्दन नेपाल छन् । विवादका बीच पनि समितिले उपकुलपतिका लागि २० जनाको आवेदन स्वीकृत गरेको छ । पहिलो पटक पुस १८ मा आवेदन माग गर्दा १७ जनाको आवेदन परेकोमा १६ जनाको स्वीकृत भएको थियो । तर, केयूका मेडिकल संकायकाले कार्यविधिका कारण आवेदन दिन नपाएपछि १८ माघमा दोस्रो पटक आवेदन माग गर्दा ४ जनाको स्वीकृत भएको हो । अब उम्मेदवारहरूले अन्तर्वार्तासँगै आफ्नो सोचपत्र पनि प्रस्तुत गर्नेछन् । सबै मूल्यांकन गरेपछि छनोट समितिले कुलपतिलाई ३ जनाको नाम सिफारिस गर्नेछ । त्यसमबाट एक जनालाई कुलपतिले उपकुलपतिमा नियुक्त गर्ने छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बक्स अफिसमा त्रिपक्षीय भिडन्त




काठमाडौं/गत बैशाखदेखि कात्तिकसम्म फिल्म रिलिजको बाढी नै देखियो । यो सात महिनामा व्यापार पनि उत्साहजनक नै रह्यो । तर, मंसिर र पुषमा न फिल्म खासै रिलिज भए न व्यापार राम्रो हुन सक्यो । तर, माघ लागेसँगै रिलिजको चाप बढेको छ । हप्तैपिच्छे हलमा नयाँ फिल्म फेरिरहेका छन् । यो साता झन् तीन फिल्म एकसाथ प्रदर्शनमा आएका छन् । ती फिल्म हुन्, 'ममी', 'जुना' र 'सारंग' ।

तीनवटै फिल्म फरक-फरक विषयमा बनेका छन् । 'ममी' साइकोलोजिकल-थ्रिलर फिल्म हो । 'जुना'मा नारीको पीडा र वेदना छ । 'सारंग'ले मित्रता र सम्बन्धको कथा भन्छ । यसअर्थ दर्शकलाई आफ्नो रुचिअनुसार छानीछानी फिल्म हेर्न पाउने सुविधा छ । तर, बुकिङको स्थिति हेर्दा तीनवटै फिल्मप्रति दर्शकमा खासै उत्साह देखिएको छैन । अब 'वर्ड अफ माउथ'मा व्यापार निर्भर रहनेछ ।

सेन्सर बोर्डबाट 'एडल्ट' सर्टिफिकेट पाएको 'ममी'लाई समर निरौलाले निर्देशन गरेका हुन् । यसमा प्रियंका कार्की, सुलक्षण भारती, दीया मास्के, समीप निरौला, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गीत विष्ट, घनश्याम जोशीलगायतको अभिनय रहेको छ । बुधबार भएको प्रिमियरमा फिल्मले उत्साहजनक प्रतिक्रिया प्राप्त गरेको थियो । प्राय:ले अहिलेसम्म बनेकामध्ये उत्कृष्ट थ्रिलर फिल्म भनेका थिए ।

प्रशान्त तामाङको निर्देशनमा बनेको 'सारंग'मा ऋचा शर्मा, आदित्य कार्की, सम्राट थापा, उत्पल झा, सुरज तमु, समीरमणि दीक्षित, मणि के राई लगायतको अभिनय छ । त्यस्तै, बाल विवाह र महिला हिंसाको कथामा बनेको 'जुना'मा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, खगेन्द्र न्यौपाने, कमल बोहोरा लगायतको अभिनय छ । यसका निर्देशक जीवन सेञ्चुरी हुन् ।

# 'दु:खी आत्मा'बारे दयाहाङ भन्छन्, 'यौन स्वास्थ्यको कथा भन्नुपर्छ'

काठमाडौं/आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'दु:खी आत्मा'को केही दिनअघि सार्वजनिक ट्रेलरबाट दर्शक 'सरप्राइज' नै भए । यसको मुख्य कारण थियो, अभिनेता दयाहाङ राईले निभाएको भूमिका । यसमा उनी यौन दुर्बलताको समस्याबाट पीडित पात्रको भूमिकामा देखिएका छन् । उनको भूमिकालाई लिएर सकारात्मक र नकारात्मक दुवै खालका टिप्पणीहरु भइरहेका छन् ।



तर, दयाहाङलाई उक्त भूमिका गरेकोमा कुनै पछुतो छैन । फिल्म गर्दा यो चिजले अप्ठ्यारो वा गाह्रो पार्छ भन्ने पनि उनले सोचेनन् । बरु, उनलाई के लाग्यो भने फिल्म मार्फत यस्तो कथा पनि भन्न आवश्यक छ । उनी भन्छन्, 'यो कथा भन्नुपर्छ भन्ने लागेर नै मैले फिल्म खेलेको हुँ । यसको कथावस्तु भन्नुपर्ने विषय हो ।' टिजरमा पूरा संवाद आउँदा भने आफ्नो असहमति रहेको उनले बताए ।

दयाहाङलाई धेरैले किन यस्तो फिल्म खेलेको भनेर समेत सोध्ने गरेका छन् । यसबारेमा उनी भन्छन्, 'साथीहरुले यस्तो फिल्म किन खेलेको भन्नुहुन्छ । खेल्दा कस्तो लाग्यो भनेर सोध्नुहुन्छ । तर, मलाई कस्तो पनि लागेन भन्छु । यो चिज गर्नुहुन्छ या गर्नुहुँदैन भन्ने व्यक्तिगत सोच हो । मेरो फिल्म पहिले स-परिवार हेर्न जानुहुन्थ्यो । यसपटक छुट्टाछुट्टै भएर जानुपर्छ । त्यो हुँदा सहज पनि हुन्छ ।'

दयाहाङलाई यौन स्वास्थ्यको बारेमा मानिसहरूलाई जानकारी हुनुपर्छ भन्ने लाग्छ । 'मानसिक स्वास्थ्यको विषयमा हामी बल्लबल्ल खुल्न थालेका छौं,' उनी भन्छन्, 'यौन त हाम्रो निजी कुरा हो । यो कुरालाई हामीले अक्सर गोप्य राख्छौं । तर, यो चासोको विषय भने हो । यो विषयमा मानिसहरूलाई जानकारी हुनुपर्छ भन्ने मलाई लाग्छ । छलफल कोसँग गर्ने भन्ने चाहिँ आफ्नो ठाउँमा होला ।'

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दयाहाङसँगै आँचल शर्मा, अनुप विक्रम शाही, बुद्दि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, दीया मास्के, आशान्त शर्मा लगायतको अभिनय रहेको छ । हिमाल कडरियाले फिल्मको निर्माण गरेका हुन् । ट्रेलर रिलिजपछि बनेको 'हाइप' हेर्दा फिल्मले बक्स अफिसमा राम्रो कमाउन सक्ने छनक देखिन्छ ।

# बजेट खर्चमा उद्योग मन्त्रालय सबैभन्दा सुस्त, परराष्ट्र अगाडि

काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८१/८२ पहिलो ६ महिनामा मन्त्रालयहरूको बजेट खर्चको गति तुलना गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सबैभन्दा सुस्त देखिएको छ । सबैभन्दा अगाडि भने परराष्ट्र मन्त्रालय देखिन्छ । परराष्ट्रले वार्षिक लक्ष्यको ५० प्रतिशत बजेट खर्च गर्दा उद्योगले भने ६ महिना (साउन-पुस) मा जम्मा ७.६२ प्रतिशतमात्र खर्च गरेको छ ।

उद्योग मन्त्रालयले एक वर्षमा खर्च गर्न ८ अर्ब ४ करोड १६ लाख रुपैयाँ बजेट पाएको छ । पुस मसान्तसम्म यो मन्त्रालयले मात्र ६१ करोड ३० लाख खर्च गर्न सकेको छ । उता, परराष्ट्र मन्त्रालयले यस वर्षका लागि ६ अर्ब ७९ करोड रुपैयाँको लक्ष्य पाएकोमा ३ अर्ब ४३ करोड खर्च गरिसकेको छ । २० प्रतिशतभन्दा पनि कम बजेट खर्च गर्ने अन्य मन्त्रालयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (१४.०८ प्रतिशत), संघीय मामिला तथा सामान्य प्रशासन (१२.७४), युवा तथा खेलकुद (१७.८७), महिला, बालबालिक तथा ज्येष्ठ नागरिक मन्त्रालय (१७.६१ प्रतिशत) छन् ।

**विकासे अड्डा नै खर्च गर्न कमजोर**

अर्थ मन्त्रालयका अनुसार चालु आव ६ महिनामा विकासे मन्त्रालयहरूकै खर्च दयनीय देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ६ महिनामा लक्ष्यको २३.५९ प्रतिशतमात्र बजेट खर्च गरेको देखिन्छ । यो मन्त्रालय सबैभन्दा धेरै विकासे बजेट भएको मन्त्रालय हो । त्यस्तै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ६ महिनामा २०.११ प्रतिशत बजेट खर्च गरेको छ । सहरी विकास मन्त्रालयको बजेट खर्च ११.२० प्रतिशतमात्र छ । यो मन्त्रालय समेत धेरै विकास बजेट 'होल्ड' गर्ने मन्त्रालय हो । खानेपानी मन्त्रालय अर्को विकासे अड्डा हो । यसले पनि १६.११ प्रतिशतमात्र बजेट खर्च गर्न सकेको छ ।

**धेरै बजेट खर्च गर्ने निकाय कुन हुन् ?**

यसबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३३.२३ प्रतिशत बजेट खर्च गरेको छ । अर्थ मन्त्रालय आफैंले भने २२.७१ प्रतिशतमात्र बजेट खर्च गरेको छ । शिक्षा, गृह, रक्षा, स्वास्थ्य मन्त्रालय पनि ६ महिनामा धेरै बजेट खर्च गर्ने मन्त्रालयमा पर्छन् । यिनले क्रमश: ४३.२५, ४१.४१, ४६.३९ र ३२.५६ प्रतिशत बजेट खर्च गरेका छन् । त्यस्तै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २७.९० प्रतिशत, कृषि तथा पशुपन्छी विकासले ३०.२३ र कानुन, न्याय तथा संघीय मामिला मन्त्रालयले ३२.५४ प्रतिशत बजेट खर्च गर्न सफल भएको अर्थ मन्त्रालयको तथ्यांक छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बजेट खर्च २८.७८ प्रतिशत र भूमि व्यवस्थाको ३५.२३ प्रतिशत रहेको देखिन्छ ।

**किन बढ्न सकेन सार्वजनिक खर्च ?**

अर्थ मन्त्रालयका अनुसार बजेट तर्जुमा गर्दा पूर्वतयारी पूरा भएका आयोजनामा मात्र विनियोजन हुन नसक्दा बजेट खर्च अपेक्षित बढ्न नसकेको हो । वन क्षेत्र उपयोग, आयोजना स्थलको जग्गाप्राप्ति, मुआब्जा निर्धारण र वितरण, क्षतिपूर्ति लगायत प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन गर्ने प्रवृत्ति विद्यमान रहेका कारण सार्वजनिक खर्च बढ्न नसकेको अर्थ मन्त्रालयको भनाइ छ । आयोजना निर्माण गर्ने मोडालिटी, कुल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पक्षको वस्तुगत विश्लेषण एवं मूल्यांकन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसक्नुलाई अर्को कारण मानिएको छ ।

स्रोत सुनिश्चित भएका आयोजनामा न्यून बजेट प्रस्ताव गर्ने र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गई समग्र खर्च व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको अर्थले उल्लेख गरेको छ ।

संविधानको परिकल्पना अनुसार तीनै तहका सरकारबीच पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कतिपय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवं स्रोतको समन्यायिक वितरणमा समेत नकारात्मक असर पर्न गएको अर्थको विश्लेषण छ ।

विकास आयोजनामा आयोजना प्रमुख लगायत कर्मचारीको समयमा पदपूर्ति नहुनु, छिटो-छिटो सरुवा हुनु, निर्माण सामग्री निर्वाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापन सम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहेको अर्थले जनाएको छ । कतिपय निकायको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड लगायत कानुनमा संशोधन वा नयाँ कानुन तर्जुमा समयमै हुन नसकेका कारण अर्धवार्षिक अवधिसम्म पनि खर्च आधार नै तय नहुने अवस्था रहेको देखिन्छ । वैदेशिक स्रोतमा सञ्चालित आयोजनामा नेपाल सरकारका तर्फबाट बेहोरिने समपूरक कोषको रकम न्यून प्रस्ताव हुने गरेको समेत अर्थले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# किन मारियो मकुना ?

मकुना नामको एउटा वन हात्तीलाई गोली हानेर मारियो । चितवनर राष्ट्रिय निकुञ्जकै अनुसार उनीमाथि ६ राउन्ड गोली हानिएको थियो । किन एउटा हात्तीको यति क्रुरतापूर्वक ज्यान लिइयो ? निकुञ्ज अधिकारीको तयारी जवाफ छ, 'आत्मसुरक्षाका लागि गोली चलाउनुपर्ने बाध्यात्मक अवस्था आयो । उक्त गोली लागेर मकुनाको मृत्यु भयो ।'

तर, पशु अधिकारका क्षेत्रमा आवाज उठाइरहेकाहरुले यसमा चित्त बुझाएका छैनन् । उनीहरुले एउटो जंगली हात्तीमाथि कुनियतले गोली चलाएर हत्या गरिनु सामान्य अपराध नभएको तर्क गरेका छन् । र, सामाजिक सञ्जालमा 'मकुनालाई न्याय देऊ' भनी अभियान चलाएका छन् । पूर्व संचारकर्मीसमेत रहेका प्रभात रिमाल लेख्छन्, 'तेस्रो विश्वका कहलिएका वीर गोर्खालीले एउटा निहत्था हात्तीलाई गोली हानेर मारेछ । वाह ! क्या बहादुरी ?'

चितवनमै रहेर पशुपंक्षीको कल्याणका लागि निरन्तर आवाज उठाइरहने युवा हुन्, सुराजन श्रेष्ठ । मकुनाको मृत्युपछि उनले लेखेका छन्, 'खैर, हार्दिक श्रद्धान्जली मकुना ! तर, तिमी अहिले स्वर्ग नजानू । हाम्रो आत्मामा बास गर्नू । हाम्रो तागत बन्नू । अझै धेरै लडाइँ हामीसँगै लड्नु छ । मानव जातिले तिमी जस्ता हजारौं हात्तीको जीवनमा लगाएको सिक्री तोड्नु छ ।' गएको बुधबार दिउँसो । करिब आधा दर्जन हात्तीमा चढेर चितवन निकुञ्जका कर्मचारी र नेपाली सेनाका सैनिकहरु जंगलतर्फ लाग्छन् । निकुञ्ज अधिकारीहरुका अनुसार जंगली हात्ती मकुनालाई निकुञ्जको भित्री इलाकामा पठाउन उनीहरुले गस्ती गरेका हुन् ।

सोही गस्तीका क्रममा अर्को मकुनाले अर्को हात्ती चुरे गजलाई आक्रमण गर्न खोज्छ । उनीहरुले मकुनालाई धपाउन 'दुई राउन्ड हवाई फायर' गर्छन् । तर, हात्ती भाग्दैन । यसैबीच अर्को हात्ती खगेन्द्रप्रसादमा चढेका रेन्जर श्याम तामाङ हात्तीबाट खस्न पुग्छन् । उनैलाई बचाउन पुन तीन पटक हवाई फायर गरिन्छ । सो हवाई फायर पछि मकुना भागेर केही पर पुग्छन् । तर लगत्तै फर्केर आउँछ । त्यसपछि पुन एक राउन्ड गोली हानिन्छ । साढे एक बजेतिर ढलेको अवस्थामा भेटिएको हात्तीलाई दुई घण्टापछि पशु चिकित्सक टोलीले मृत घोषणा गर्छन् ।

यो निकुञ्जको तर्फबाट आएको एकतर्फी बयान हो । उनीहरुले 'बाध्यतमक अवस्थामा आफ्नो रक्षा गर्न गोली चलाएको' भनेका छन् । तर, जंगली हात्ती बसेको ठाउँमा तामझामका साथ उनीहरु किन गए ? त्यसलाई धपाउनुपर्ने अवस्था किन आयो ? उनीहरुले नखुलाएको सरोकारवालाको प्रश्न छ । एनिमल नेपालले विज्ञप्ति जारी गर्दै यस कृत्यको चर्को विरोध गरेका छन् । विज्ञप्तीमा लेखिएको छ, 'यो घटनाले फेरि एकपटक देखाएको छ कि मानव क्रियाकलापकै कारण वन्यजन्तु र मान्छेबीच द्वन्द्व बढिरहेको छ । तर, दोष सधैं जनावलाई लगाइन्छ । अन्तत: तिनीहरु नै मारिन बाध्य पारिन्छ ।

जंगली हात्तीहरु आफैं मानव बस्तीमा आउँदैनन् । तिनीहरुलाई मूख्य रुपमा बन्धक पोथी हात्तीहरुले आकर्षित गर्छन्, जुन पर्यटन र गस्तीका लागि प्रयोग गरिन्छ । बन्धक हात्तीहरुलाई अस्वभाविक अवस्थामा राख्दा जंगली हात्तीहरुको प्राकृतिक व्यवहार प्रभावित हुन्छ । तर, यसको वास्तविक कारण बुझ्ने र समाधान खोज्नेभन्दा सधैं जनवारलाई मार्ने उपाय अपनाइन्छ ।' अविरल भण्डारी लेख्छन्, 'दु:खद् खबर । संरक्षणकर्ताबाटै मकुना ढल्न पुगेछ । पानीमा पसेर गोही मार्ने, जंगलमा पसेर हात्ती मार्ने, सिंहदरबारमा पसेर जनता मानेहरु बिरुद्ध म धेरै बोल्न चाहन्न ।'

# 'सारङ्गी' बन्यो यस वर्ष सय दिन मनाउने पहिलो फिल्म

काठमाडौं/अचेल नेपाली फिल्मलाई हलमा एक हप्ता टिक्न पनि मुश्किल भइरहेको समयमा गत कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शनमा आएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले व्यापारसँगै प्रदर्शनमा अर्को महत्त्वपूर्ण कोशेढुंगा पार गरेको छ । सबैभन्दा धेरै कमाउने नेपाली फिल्मको इतिहास रच्न सफल यो फिल्मले यस वर्ष हलमा लामो समयसम्म प्रदर्शन हुने फिल्मको कीर्तिमानी बनाएको छ ।

शुक्रबार फिल्मले प्रदर्शनको सय दिने दुर्लभ यात्रा पूरा गरेको हो । काठमाडौंको सामाखुसीस्थित क्यूएफएक्स चेनको सिटी स्क्वायर हल, रञ्जना सिनेप्लेक्स, बनेपाको शुभकामना सिनेमा, बुटवल र धरानको फ्रेन्ड्स सिनेमाजसहितका १० वटा हलमा फिल्मले सय दिन मनाएको जनाइएको छ । विगत १० वर्षयता आधा दर्जन बढी हलमा नेपाली फिल्मले सय दिन मनाएको यो पहिलो पटक हो ।

फिल्मले प्रदर्शनको सय दिन मनाएको खुसीयालीमा निर्माताले सय रुपैयाँमा फिल्म देखाउने घोषणा गरेका छन् । उक्त अफर माघ २७ गतेसम्म रहने निर्माता विनोद पौडेलले जानकारी दिए । उनले केही दिनअघि फिल्म सफलताको खुसीयालीमा विशेष कार्यक्रम आयोजना गर्दै 'पूर्णबहादुरको सारङ्गी २' निर्माणको घोषणा गरेका थिए । योसँगै उनले फिल्म 'रोल नम्बर १' पनि निर्माण गर्दैछन् ।

'पूर्णबहादुरको सारङ्गी'ले सय दिन मनाउँदै गर्दा नेपालमा करिब ४९ करोडको व्यापार गरेको छ । त्यस्तै, ओभरसिज मार्केटमा २३ करोडमाथि कमाएको जनाइएको छ । नेपाल र विदेशको कलेक्सन जोड्दा ७२ करोडमाथि हुन आउँछ । यो नेपाली फिल्मले प्राप्त गरेको अद्भूत सफलता हो । यसले अब नेपाली फिल्मलाई विश्वभरबाट सय करोडको आँकडा छुन असम्भव छैन भन्ने देखाउँछ ।

सरोज पौडेलको निर्देशनमा बनेको फिल्ममा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, बुद्धि तामाङ, भोलाराज सापकोटा, विनोद न्यौपाने लगायतको अभिनय छ । यो फिल्मले विजयको करिअर नै कायापलट गरेको छ । यसअघि सहायक भूमिकामा सीमित भएका उनलाई यतिबेला मुख्य भूमिकामा लिन मेकरहरुबीच हानाथाप देखिन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# स्वास्थ्य प्रतिष्ठानलाई ‘एमडिजिपी’मा एक सिट मात्र

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/निजी स्वास्थ्य संस्थालाई उल्लेख्य सिट उपलब्ध गराएको चिकित्सा शिक्षा आयोगले स्नाकोत्तर तह अध्ययन कोटामा हेटौंडाको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एक सिट मात्रै दिएको छ ।

आयोगले बागमती प्रदेश सरकारले प्राथकितामा राखेको प्रतिष्ठानलाई जनरल प्राक्टिस एन्ड इमरजेन्सी मेडिसिन (एमडिजिपी)मा एक सिट मात्र उपलब्ध गराएको हो । प्रदेश सरकारले संघीय सरकारलाई आर्थिक भार नपर्ने गरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सञ्चालन व्यवस्थापन गरिरहेको छ । प्रतिष्ठानले आयोगले तोकेको मापदण्ड भित्र रहेर विभिन्न ९ वटा विषयमा १८ वटा सिट माग गरेको थियो ।



आयोगबाट अनुगमनका लागि गएको विज्ञ टोलीले पनि प्रतिष्ठानको निरीक्षणपछि कक्षा सञ्चालन अनुमती दिन उपयुक्त रहेको सिफारिस गरेको थियो । तर आयोगले भने ९ वटा विषयमध्ये जम्मा एउटा विषयमा एकजना मात्र पढ्न मिल्ने गरी प्रतिष्ठानलाई सिट संख्या तोकेको छ । पिजी प्रोग्राम सञ्चालनका लागि थप ३८ जा प्राध्यापक नियुक्ती गरिएको प्रतिष्ठानका रजिष्ट्रार भीम सागर गुरागाईले बताए ।

प्रतिष्ठानले अब्सटेट्रिक्स एन्ड गाइनो, इन्टर्नल मेडिसिन, जेनेरल सर्जरी, एमडिजीपी, पेडियाट्रिक्स, एनेस्थेसियोलोजी, फार्माकोलोजी/क्लिनिकल फार्माकोलोजी, अर्थोपेडिक्स, अर्थोपेडिक्स एन्ड ट्रमा सर्जरी र पेरिडोन्टोलोजी एन्ड ओरल इम्प्लान्टोलोजीका लागि सिट माग गरेको उपकुलपति डाक्टर प्रदीप ज्ञवालीले जानकारी दिए । प्रतिष्ठानमा बिएससी नर्सिङ, बिपीएच, ब्याचलर ईन फार्मेसी र बिएम एल टी गरी ४ वटा विषय अध्ययन अध्यापन भइरहेको छ । प्रतिष्ठानमा सिट संख्या कम तोकेको विषयमा नेपाल चिकित्सक संघले खेद प्रकट गरेको छ ।

प्रतिष्ठान मातहत रहेको हेटौंडा अस्पतालमा दैनिक १५ सय भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन् । हेटौंडा अस्पतालको पूर्वाधार विकासका लागि एकअर्ब ३१ करोड रुपैयाँ लगानी भईसकेको छ ।

अस्पतालले थप २ सय शैया सञ्चालन गर्न मिल्नेगरी पूर्वाधार विकास गरेको छ । बागमती प्रदेश सरकारले प्रतिष्ठान सञ्चालनका लागि वार्षिक २४ करोड रुपैयाँ लगानी गरिरहेको छ । हाल ३ सय ५० विद्यार्थी अध्ययनरत रहेको प्रतिष्ठानमा ४२ जना प्राध्यापक कार्यरत छन् ।

# सिम्लाङ-ठाडोखोला झोलुंगे पुल निर्माणको स्रोत सुनिश्चितता

साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकाको सिम्लाङ-ठाडोखोला झोलुंगे पुल निर्माणका लागि बजेटको स्रोत सुनिश्चितता भएको छ ।

उक्त पुलले अर्थ मन्त्रालयबाट बहुबर्षिय स्रोत सहमती पाएको प्रतिनिधिसभा क्षेत्र नम्बरा २ का सांसद सांसद महेश बर्तौलाले जानकारी दिए । उनकाअनुसार इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-१ स्थित इन्द्रसरोवर ताल माथि ‘सिम्लाङ-ठाडो खोला झोलुंगे पुल’ निर्माणको लागि अर्थ मन्त्रालयबाट आवश्यक पर्ने ३ करोड ४० लाख रकमको बहुवर्षीय स्रोत सुनिश्चितता प्राप्त भएको छ ।

स्रोत सुनिश्चिततासंगै यहि मागमा पुलको निर्माणको लागि ठेक्का आह्वान हुने बर्तौलाले बताए । झोलुंगे पुल निर्माणबाट सानो माखु, गैरा, भिरखर्क, टौमाठ, सिम्लाङ लगायतका स्थानीय वासिन्दाहरु लाभान्वित हुनेछन् । पुल अभावमा करिब साँढे २ घण्टा घुमाउरो बाटो हुँड्नुपर्ने बाध्यताको अन्त्यसंगै विद्यालय जान-आउन डुंगाको साहारा लिनुपर्ने बालबालिकाहरुमा ठूलो लाभ पुग्ने स्थानीय राजु बस्नेतले जानकारी दिए ।

साविक मार्खुको सिम्लाङ लगायतको क्षेत्रको पर्यटनको व्यवसायिक प्रवर्द्धनमा सहयोगसमेत पुग्ने उक्त पुलबाट वारीपारीका करिव पाँचसय घरधुरीका जनताले प्रत्येक्ष लाभ प्राप्त गर्ने बताउँदै बस्नेतले खुशी व्यक्त गरे ।

# प्रहरी चौकी चैनपुरका लागि जग्गा दान



साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ मकवानपुरको विगट राक्सिराङ गाउँपालिकास्थित प्रहरी चौकी चैनपुरका लागि एक स्थानीय परिवारले जग्गा सहयोग गरेका छन् ।

स्थानीय साइँली माया मुक्तान र उनका श्रीमान धनबहादुर मुक्तानले वडा नम्बर ५ स्थित बाङदेराग भन्ने स्थानमा रहेको आफ्नो व्यक्तिगत नामको २ कठा १८ धुर जग्गा बिहीबार चौकीको नाममा पास गराई हस्तान्तरण गरेको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए । शान्ति सुरक्षा कायम गर्न अहोरात्र खटिने प्रहरीहरुलाई काम गर्न सहजताका लागि मुक्तान परिवारले जग्गा दान स्वरुप सहयोग गरेकोमा प्रमुख खड्काले धन्यवाद ज्ञापन गरे ।

जग्गा हस्तान्तरण पछि मुक्तान परिवारलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले धन्यवाद सहित सम्मान गरेको छ । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गतौला, प्रहरी चौकी चैनपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक शंकर यादवको पहलमा उपलब्ध भएको उक्त जग्गा अहिलेको चलनचल्तीमा करिब २० लाख रुपैयाँ पर्न आउने उनले बताए ।

मकवानपुरको प्रहरी युनिट रहेका ठाउँ नामटार, राईगाँउ लगायत विभिन्न स्थानमा जग्गा प्राप्तिको लागि पहल भइरहेको र चौकी निर्माणको प्रक्रिया अघि बढाइएको एसपी खड्काले जनाए । जग्गा प्राप्तिपछि नापी टोलीद्वारा जग्गा उपलब्ध नाप जाँच गराई भवन निर्माणका लागि प्रक्रिया अघि बढाइएको उनले बताए ।

# हेटौंडामा फागुन पहिलो साताबाट यु-१६ फुटबल



साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ हेटौंडा उपमहानगरपालिकामा फागुन पहिलो साताबाट यु-१६ नगर स्तरीय फुटबल प्रतियोगिता हुने भएको छ । नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा प्रतियोगिता गरिने भएको हो ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१२ निवासी अनुपम घलानको गत असोजमा पहिरोमा परेर निधन भएको थियो । एन्फा एकेडेमीका किशोर खेलाडी घलानको निधनपछि उनको स्मृतिमा प्रतियोगिता आयोजना गर्न लागिएको नगर खेलकुद विकास समिति हेटौंडाका अध्यक्ष रविन्द्रप्रसाद घिमिरेले जानकारी दिए । प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ ।

प्रतियोगिताका लागि हेटौंडा उपमहानगरपालिकाले ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको अध्यक्ष घिमिरेले बताए । प्रतियोगितालाई आगामी वर्षमा पनि निरन्तरता दिने उनले बताए । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ७० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पाउनेछ । विधागत उत्कृष्ट खेलाडीहरुले जनही ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गर्नेछन ।

# बागमतीको खेलकुद मन्त्रालयलाई हट्यो कानूनी अड्चन



साझाकुरा संवाददाता

हेटौंडा, २५ माघ/ बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयलाई खेलाडी र समग्र खेलकुद विकासको योजना निर्माणका लागि कानूनी अडचन हटेको छ ।

प्रदेश खेलकुद विकास ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८१ बागमती प्रदेशसभाबाट सर्वसम्मत रुपमा पारित भएसँगै अब खेलाडी र खेलकुद विकासको एजेण्डा युवा तथा खेलकुद मन्त्रालयले नै अघि बढाउन बाटो खुलेको हो । २३ माघ २०८१ मा बसेको प्रदेश सभाको बैठकले सो विधेयक सर्वसम्मत रुपमा पारित गरेको हो । बागमती प्रदेश सभा सचिवालयका अनुसार पारित भएको विधेयक प्रदेश प्रमुख दीपक प्रसाद देवकोटासमक्ष प्रमाणीकरणका लागि पेश गरिनेछ ।

२ जेठ २०८१ को बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट प्रदेश सरकार (कार्यविभाजन) नियमावली २०८० को अनुसूचीमा हेरफेर गरी साबिकको सामाजिक विकास मन्त्रालय अन्तर्गतको युवा तथा खेलकुदसम्बन्धी कार्य जिम्मेवारी सहित नयाँ मन्त्रालयको रुपमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको थियो । प्रदेश खेलकुद विकास ऐन, २०७५ को दफा २ को खण्ड (छ) मा मन्त्रालय भन्नाले ‘सामाजिक विकास मन्त्रालय’ भन्ने परिभाषा रहेको रहेको थियो ।

सोही ऐनको दफा ३ मा प्रदेश खेलकुद विकास परिषद्को गठन सम्बन्धी व्यवस्था रहेकोमा उक्त दफाको उपदफा (२) को खण्ड (क) मा सामाजिक विकासमन्त्री परिषद्को अध्यक्ष रहने र खण्ड (ग) मा सामाजिक विकास मन्त्रालयको सचिव सदस्य रहने गरी भएको व्यवस्था र दफा ३१ मा प्रदेश खेलकुद विकास परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालयमार्फत् राख्नुपर्ने सम्बन्धी व्यवस्था थियो । विधेयक पारित भएसँगै अब परिषद्को अध्यक्ष प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन हुनेछन् ।

युवा र खेलाडीको हितका लागि आवश्यकता महसूस गरेर स्थापना गरिएको युवा तथा खेलकुद मन्त्रालय अधिकार विहिन थियो । मन्त्रालय मातहत परिषद्हरु नहुँदा मन्त्रालयले अपेक्षाकृत काम गर्न सकिरहेको थिएन । विधेयक पारित भएसँगै परिषद्हरुको बैठक राख्न, बजेट निर्माण तथा आकार बढाउन, १० औं राष्ट्रिय खेलकुदको लागि बोर्ड बैठक राख्नलगायत खेलाडी र खेलकुद क्षेत्रको समग्र विकास तथा विस्तारको लागि आवश्यक काम गर्न कानूनी सहजता प्राप्त भएको मन्त्री महर्जनले बताए ।

**४ वटा कार्यविधि निर्माण**

युवा तथा खेलकुद मन्त्रालयले युवा तथा खेलकुद क्षेत्रको विकासका लागि ४ वटा कार्यविधि निर्माण गरेको छ । २०८१ साउनमा मन्त्री नियुक्त भएका मीनकृष्ण महर्जनले युवा र खेलाडीको हितलाई ध्यानमा राखेर कार्यविधि निर्माण गरेका हुन् ।

१० औं राष्ट्रिय खेलकुद छनौट बन्द प्रशिक्षण तथा सहभागिता सम्बन्धी कार्यविधि २०८१, खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि २०८१, जिल्ला खेलकुद विकास समितिको कार्यालयमार्फत् विविध खेलकुद क्रियाकलाप सञ्चालन अनुदान कार्यविधि २०८१ र स्वयम्सेवक प्रशिक्षक परिचालन कार्यविधि २०८१ निर्माण भएको छ ।

अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई प्रोत्साहन गर्नको लागि नगदसहित सम्मान गर्नका लागि खेलाडी सम्मान कार्यक्रम कार्यविधि पनि निर्माणको क्रमा रहेको मन्त्री महर्जनले बताए । मन्त्रालयले १३ वटै जिल्लामा जिल्ला खेलकुद विकास समितिको अध्यक्ष तथा परिषद्को बोर्ड सदस्य १० जना नियुक्त गरी खेलकुद सम्बन्धि गतिविधि अघि बढाएको छ । खेल विज्ञमा दीपक श्रेष्ठ र खेलकुद विकास कार्यक्रम विज्ञमा दीपक थापालाई मनोनित गरेको छ ।

हेटौंडा-६ गौरीटार रंगशालामा फुटबल रंगशाला निर्माणको काम सम्पन्न भएको छ भने क्रिकेट रंगशाला र देशकै ठूलो पौडी पोखरी निर्माणको काम करिब ८० प्रतिशत सम्पन्न भइसकेको छ । चितवनको गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको लागि प्रदेश सरकारबाट १० करोड रुपैयाँ निकाशा गरिएको छ । मन्त्रालयका अनुसार कूल १२ करोड रुपैयाँ अनुमानित लागतको १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि अर्थमन्त्रालयसँगको सहमतिमा हालसम्म करिब ९ करोड रुपैयाँ व्यवस्थापन भइसकेको र अपुग रकम रकम निकासाको लागि तयारी भइरहेको छ ।

१३ वटै जिल्लामा संचालन हुने राष्ट्रपति रनिङशिल्डको बजेट व्यवस्थापनको तयारी भइरहेको समेत मन्त्रालयले जनाएको छ । प्रदेशमा अन्तराष्ट्रिय युवा दिवस, राष्ट्रिय कविता महोत्सव सम्पन्न भएको छ । हाल १३ वटै जिल्लामा युवाहरुलाई सिपमुलक तालिम कार्यक्रम संचालन भइरहेको मन्त्रालयले जनाएको छ ।


हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरूमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।



बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !**

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्येसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरुलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर १११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**



**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२



**|| बिशेष आकर्षण ||**



हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

**CONSTRUCTION EXPO-2**

**दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१**

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरू**
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना